# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

प.सं./Ref No. : ०७७/०७८
च.नं./Des. No. : १५५८

फोन नं.: ०६५-५७२४३६

मितिः २०७८/०१/१५

विषयः सहयोग गरिदिने वारे ।

श्री वडा कार्यालयहरु (१-९) सवै।
श्री इलाका प्रहरी कार्यालय, भिमाद ।
श्री भिमाद नगर उद्योग वाणिज्य संघ, भिमाद तनहुँ ।
श्री सम्पूर्ण वैंक तथा वित्तिय संस्थाहरु ।
श्री श्रृङ्ग यातायात प्रा.लि. भिमाद ।
श्री आराम यातायात प्रा.लि, भिमाद ।

प्रस्तुत विषयमा भिमाद नगरपालिकावाट जारी भएको सूचना थान १ यसै साथ संलग्न राखि पठाईएको छ । सो को कार्यान्वयन गर्ने कार्यमा सक्रिय सहभागिता जनाई कोरोना भाइरस कोविड-१९ को दोश्रो चरणको संक्रमण रोकथाम एवं नियन्त्रणमा सहयोग गरिदिनुहुन अनुरोध छ ।

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, दमौली तनहुँ ।
श्री रेडियो भिमाद, भिमाद, तनहुँ । - सूचना प्रसारण गरिदिनुहुन ।
श्री भिमाद एफ.एम, भिमाद । सूचना प्रसारण गरिदिनुहुन ।

# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६५-५७२४३६


प.सं./Ref No. : ०७७/०७८
च.नं./Des. No. :

मितिः २०७८/०१/१५

## भिमाद नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

कोरोना भाईरस कोविड-१९ को दोस्रो चरणको बढ्दो संक्रमण रोकथाम एवं नियन्त्रणका लागि यस नगरपालिका क्षेत्रभित्र देहाय वमोजिम गर्न/गराउन भिमाद नगरबासी तथा सम्पूर्ण सरोकारवालाहरुमा भिमाद नगरपालिका हार्दिक अनुरोध गर्दछ।

| सि.नं. | मिति २०७८/०१/१६ देखि २०७८/०१/३१ सम्म कोविड-१९ रोकथामका लागि गर्नुपर्ने क्रियाकलापहरु |
|---|---|
| १ | नगर क्षेत्रभित्र रहेका शिक्षण संस्थाहरु, ट्यूशन सेन्टर, छात्राबास, मन्टेश्वरीहरुमा भौतिक रुपमा पठनपाठन बन्द गर्ने र शिक्षकहरु विद्यालयमा नियमित उपस्थित भै परीक्षाको तयारी, शैक्षिक सामग्री निर्माण, सूचना प्रविधिको अभ्यास लगायत कोरोना सम्बन्धित सूचनामूलक सचेतनाका कार्यहरु गर्ने गराउने |
| २ | सम्पूर्ण नीजि तथा सरकारी सवारी साधनहरुले अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने (मास्क/सेनिटाइजर समेतको) व्यवस्था मिलाउने र सो को पालना भए नभएको भिमाद प्रवेश गर्ने नाका वडा नं. ७ को पुलको मुखमा नेपाल प्रहरी र नगर प्रहरीसमेतको संयुक्त टोलीले गर्नेछ । |
| ३ | विवाह, ब्रतबन्ध, मृतकको दाहासंस्कार लगायतका सामाजिक संस्कारसँग सम्बन्धित कार्यहरु सकेसम्म न्यून व्यक्तिहरु (बढीमा २५ जना) संलग्न हुने व्यवस्था मिलाई गर्ने/गराउने |
| ४ | भारत लगायत अन्य मुलुक र कोरोना प्रभावित क्षेत्रवाट यस नगर क्षेत्रभित्र प्रवेश गर्ने सबै व्यक्तिहरु अनिवार्यरुपमा आ-आफ्नो घरमा १४ दिनसम्म क्वारेन्टीनमा वस्ने/बस्न लगाउने |
| ५ | सम्बन्धित टोलमा रहेका विद्यालयका शिक्षकहरुको नेतृत्वमा टोलबासी राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, स्वास्थ्य स्वयंसेविका, समाजसेवी, बुद्धिजिवीहरु समन्वयात्मक रुपमा भारत लगायत अन्य मुलुक र कोरोना प्रभावित क्षेत्रवाट यस नगर क्षेत्रभित्र भित्रिने व्यक्तिहरुको अनुगमन एवं निगरानी गर्ने तथा कोविड - १९ रोकथामका लागि स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने/गर्न लगाउने |
| ६ | कोरोनासंग मिल्दोजुल्दो लक्षण देखिएका संकास्पद तथा संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको पिसिआर नगरपालिकाले गर्ने भएकोले सो को यथार्थ सूचना सम्बन्धित वडा कार्यालय तथा नगरपालिकामा उपलब्ध गराउने |
| ७ | होटल, पसल तथा विभिन्न व्यवसाय सञ्चालन गर्दा अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने गराउने र साँझ ८ बजेपछि अनिवार्य रुपमा बन्द गर्ने व्यवस्था मिलाउने, कृत्रिम अभाव तथा कालोबजारी नगर्ने नगराउने |
| ८ | यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका बैंक लगायतका सम्पूर्ण वित्तीय संस्थाहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्य रुपमा पालना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने |
| ९ | जिल्ला प्रशासन कार्यालय तनहुँबाट मिति २०७८/०१/१२ मा जारी भएको जनहितमा जारी सूचनामा उल्लेखित बुंदाहरुको समेत अनिवार्य रुपमा पालना गर्ने गराउने |

... सिंह थापा
... प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन ०६५ ५६०१३३,
५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०१।१२

## जनहितमा जारि सूचना तनहुँ जिल्लामा

विश्वभरि फैलिएको नयाँ प्रजाती (भेरियन्ट) सहितको कोभिड -१९ को महामारी संक्रमण तनहुँ जिल्लामा पनि बढ्दै गएको विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को बैठक मिति २०७८।०१।०६ को निर्णय अनुसार सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट जारी भएको आदेश समेतलाई आधार मनि तपसिल अनुसार गर्नु गराउनु हुन सबै सरोकारवालाहरुमा तनहुँ जिल्ला कोभिड-१९संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकको निर्णय समेतका आधारमा अनुरोध गरिन्छ। उल्लेख भए अनुसार गरे गराएका नपाईएमा संक्रमक रोग ऐन, २०२० को दफा ३ अनुसार कारवाहि गरिने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

(क) सम्भव भए सम्मं शिक्षण संस्थाहरुमा भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका बिधिहरु अपनाई शिक्षण कार्य सञ्चालन गर्ने। सो सम्भव नभएमा सिफ्ट पद्धतिमा एउटा कक्षा कोठामा २५ जना भन्दा बढी नराखी सामाजिक दुरी एवं निर्धारित स्वास्थ्य मापदण्ड पूरा गरी पठन पाठन गर्ने गराउने। विद्यालयले विद्यार्थीहरुमा अनिवार्य रुपमा मास्क लगाउन लगाउने व्यवस्था गर्ने। परिक्षा संचालन गर्दा भौतिक दुरि कायम हुने गरि निर्धारित स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूरा गरि गराई विद्यालय स्तरका परिक्षाहरु आवश्यकता अनुसार सिफ्ट पद्धितिमा सञ्चालन गर्ने।

(ख) सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकूद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सम्वत २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने।

(ग) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जमघट नगरी जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।

(घ) सामाजिक र सौंस्कृतिक कार्यहरु विवाह, ब्रतबन्ध लगायतमा २५ जना भन्दा सहभागी नहुने र सहभागीहरुले जनस्वास्थ्यका सबै निर्धारित मापदण्ड पूर्णपालना गर्ने गरि पूर्व स्वीकृति लिएर मात्र संचालन गर्ने गराउने।

(ङ) तालिम र प्रशिक्षणका कार्यक्रमहरु संचालन गर्दा २५ जना भन्दा बढी सहभागी नगराउने। सहभागीहरुले जनस्वास्थ्यका सबै निर्धारित मापदण्ड पूर्णपालना गर्ने गरि मात्र संचालन गर्ने गराउने। सकभर भर्चुअल बिधिमा गर्ने।

(च) सवारी साधनमा सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सबै यात्रुलाई मास्क अनिवार्य गर्ने लगायतका निर्धारित जनस्वास्थ्यका सबै मापदण्ड पूर्णपालना गर्ने गरि मात्र सार्वजनिक यातायात सञ्चालनमा ल्याउने।

(छ) कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

(ज) होटल तथा रेष्टुरेण्टले विहान ८ बजे देखि बेलुका ८ बजे सम्म मात्र सञ्चालक, कर्मचारी र सबै ग्राहकले जनस्वास्थ्यका सबै मापदण्ड पूर्णपालना गर्ने गरि सञ्चालन गर्ने गराउने।

(झ) भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य रुपमा १० दिन क्वारेण्टाईनमा बस्ने।

(चिरञ्जिवत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी